# भूमे गाउँपालिका
# गाउँसभा बैठकमा

## गाउँपालिका अध्यक्ष श्री होम प्रकाश श्रेष्ठद्वारा प्रस्तुत

आर्थिक वर्ष २०८३/०८४ को

**नीति तथा कार्यक्रम**

भूमे गाउँपालिका

खाबाङबगर, रुकुम (पूर्वी भाग)

७ आषाढ २०८३

*भूमे गाउँपालिका रुकुम (पूर्व)को आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम*

**गाउँसभा सदस्यहरु,**
**राष्ट्रसेवक कर्मचारी, पत्रकार तथा यहाँ उपस्थित सम्पूर्ण महानुभावहरु,**

स्थानीय तहको सरकार प्रमुखको हैसियतले भूमे गाउँपालिकाको गाउँसभा समक्ष आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले गौरव अनुभूत गरेको छु। सर्वप्रथम गौरवपुर्ण जनयुद्ध, जनआन्दोलन र सङ्घीय लोकतान्त्रिक गणतन्त्रका लागि जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण सहिदहरुप्रति उच्च सम्मान एवं भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। यस राजनीतिक यात्रामा देशलाई आजको उचाईसम्म पुर्याउन नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने अग्रजहरुप्रति सम्मान व्यक्त गर्दछु। विभिन्न आन्दोलनमा बेपत्ता भएका नागरिक, घाइते तथा अपाङ्ग योद्धा, सहिद परिवार एवं जनअधिकारका आन्दोलनमा महत्वपुर्ण योगदान पुर्याउनुहुने सम्पूर्ण देशवासीहरुलाई ससम्मान स्मरण गर्न चाहान्छु ।

गाउँसभा सदस्यहरु,

पूर्वाधार बिकास, कृषी र पर्यटनको विकास गर्दै समृद्ध र अन्तरनिर्भर भूमे गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, गाउँपालिकावासीको समृद्धिको चाहना र जनतासामु गरेका प्रतिबद्धता पूरा गर्न आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रमलाई उन्मुख गरेका छौं।

दिगो विकासको राष्ट्रिय लक्ष्यको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण, स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशीलता तथा दिगो स्थानीय आर्थिक विकासमार्फत "सफा र हरियाली : समृद्ध भूमे" भन्ने दीर्घकालीन सोचको लक्ष्य हासिल गर्न उत्पादनशील, शिक्षित र मर्यादित रोजगारीको अवसर प्राप्त गरी पर्याप्त आयआर्जन गर्ने सुखी नागरिकको स्वच्छ, सुन्दर, पर्यटकीय, अन्तरनिर्भर समृद्ध भूमे गाउँपालिका निर्माण गर्न यो नीति तथा कार्यक्रम लक्षित छ।

गुणस्तरीय पूर्वाधार निर्माण, कृषि पेशामा संलग्न नागरिकको आयआर्जनमा वृद्धि, शिक्षा क्षेत्रको गुणात्मक सुधारमार्फत दक्ष जनशक्ति उत्पादन, आधारभूत स्वास्थ्य सेवाको ग्यारेन्टी, आकस्मिक स्वास्थ्य सेवाको प्रबन्ध, उत्कृष्ट पर्यटकीय क्षेत्रको रुपमा विकास तथा सुदृढ, प्रविधिकृत र सरलिकृत सार्वजनिक सेवा प्रवाह यस नीति तथा कार्यक्रमको प्राथमिकता हुन्।

सोह्रौं योजना, दीर्घकालीन सोच २१००, दिगो विकास लक्ष्य, नेपालको संविधानमा उल्लेखित निर्देशक सिद्धान्त तथा नीतिहरु, स्थानीय सरकार सञ्चालन ऐन, संघ तथा प्रदेश सरकारको आवधिक योजना, नीति तथा बजेट र नेपाल सरकारको १०० बुँदे शासकीय सुधार सम्बन्धी कार्यसूचीलाई आधार मानी यो नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ।

**गाउँसभा सदस्यहरु,**

सेवा प्रवाहलाई थप प्रभावकारी बनाइ सुशासनको अनुभुति जनमानसमा पुर्याउन सम्पूर्ण जनप्रतिनिधिहरुलाई जनताका माग र आवश्यकतालाई सम्मान गर्दै जनताप्रति उत्तरदायि हुँदै उत्साहपुर्वक अगाडि बढ्न अपिल गर्दछु। सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुलाई उच्च मनोबलका साथ

प्रभावकारी ढङ्गबाट सेवा प्रदान गर्न आग्रह गर्दछु । शिक्षक, व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सूरक्षा निकाय र सम्पूर्ण विकास प्रेमी महानुभावहरुलाई गाउँपालिकाको विकासमा मन बचन कर्मले लाग्न आग्रह गर्दछु ।

**गाउँसभा सदस्यहरु,**
अव म नेपालको संविधान र प्रचलित कानूनी व्यवस्था, राष्ट्रिय आकांक्षा, दिगो विकास लक्ष्य, नेपाल सरकार, प्रदेश सरकार र भूमे गाउँपालिकाले तय गरेको दीर्घकालीन सोँच, नीति, योजना र लक्ष्यका साथै गाउँपालिकाको वर्तमान परिस्थितिलाई ध्यानमा राखी आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु।

**सभाका सदस्यहरु,**
अब म विषय क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।
१.**आर्थिक विकास**
**क) कृषिः**

१) भूमे गाउँपालिकालाई कार्यक्षेत्र बनाई कृषि क्षेत्रमा काम गर्ने संघसंस्थाहरुसंगको सहकार्यमा जलवायु परिवर्तन अनुकूलन तथा पर्यावरणीय कृषि प्रणालीमा आधारित **नमूना कृषि गाउँ कार्यक्रम** विस्तार गरिनेछ ।

२) २०८३ बैसाख १२ गतेको प्राकृतिक प्रकोपबाट बालीनालीमा भएको क्षतीलाई पुनस्थापना गर्नको लागी सरोकारलाहरुसंगको सहाकार्य तथा साझेदारीमा बस्तुगत अनुदान कार्यक्रम संचालन गरिनेछ ।

३) कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्दै खाद्य सुरक्षा, खाद्य सम्प्रभुता तथा पोषण सुरक्षा सुनिश्चित गर्न कृषिमा विविधीकरण, व्यवसायीकरण, आधुनिकीकरण, प्रविधिकरण र बजारीकरणमा जोड दिइनेछ।

४) उच्च मुल्यको बाली बस्तुको पहिचान गर्ने कार्य आरम्भ गरिनेछ। व्यवसायिक कृषकहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्न **उत्कृष्ट कृषक छनोट तथा सम्मान कार्यक्रम** सञ्चालन गरिनेछ ।

५) जैविक विविधता र परम्परागत ज्ञानको संरक्षण गर्दै हरेक वडामा **रैथाने बाली प्रवर्द्धन** तथा **सामुदायिक बीउ बैंक स्थापना, बिस्तार र सुदृढीकरण** गरिनेछ। मारिङ कृषि अनुसन्धान केन्द्रलाई थप व्यवस्थित गरी तरकारी तथा फलफूल स्रोत केन्द्रको रुपमा सुदृढ गरिने परियोजना अनुसार प्रदेश सरकारसंगको सहाकार्यमा भूमे गाउँपालिकाको वडा नं. २ र ७ मा रहेको मारिङ कृषी अनुशन्धान केन्द्रमा आलु बीउ स्रोत केन्द्रको स्थापना तथा बिकास गरिने छ ।

६) किसान सूचीकरण मार्फत वास्तविक किसानहरुको पहिचान गरी कृषि सम्बन्धी खण्डिकृत तथ्याङ्कहरुको संकलन गरी पालिकाको **कृषि प्रोफाईल** तयार गरिनेछ ।

७) स्थापना गरिएका केरा पकेट, तरकारी पकेट, मसला बाली पकेट, किवी तथा अन्य फलफूल पकेट, मौरी पकेट जस्ता कृषि पकेट कार्यक्रमलाई निरन्तर रुपमा सञ्चालन गरिनेछ।

८) संघ तथा प्रदेश सरकार संगको सहकार्यमा वैदेशिक रोजगारबाट फर्केका, विपन्न समुदायका कृषक, व्यावसायिक योजना भएका व्यक्ति, फर्म तथा समूहलाई मागमा आधारित सुलभ ब्याजदरमा कृषि उद्यम कर्जा उपलब्ध गराउन सहजीकरण तथा उनीहरुलाई कृषि बीमामा पहुचँ सुनिश्चततको लागि पहल गरिनेछ।

९) गाउँपालिकाको पोषण अवस्था सुधारका लागि **एक घर एक करेसाबारी, सामूहिक तरकारी खेती, फलफूल खेती, विद्यालय नर्सरी तथा करेसाबारी निर्माण** जस्ता कार्यक्रमहरु मागमा आधारित ५०% अनुदानमा एकिकृत गरि **प्रतिफलमा आधारित अनुदानको नीति अवलम्बन** मार्फत यसलाई निरन्तरता दिदै नमूना बस्तीमा नमूना आय आर्जन कार्यक्रमलाई पनि आगामी बर्षमा निरन्तरता दिईनेछ ।

१०) **सफा र हरियालीः समृद्ध भूमे** निर्माणका लागि ग्रीन करिडोर कार्यक्रम अन्तर्गत भूमे गाउँपालिका वडा नं.१ लुगुम खण्डमा वृक्षारोपण गर्ने कार्यलाई निरन्तरता दिईनेछ । तथा फ्रुट करिडोर अवधारणालाई सार्थक बनाउन किसानहरुलाई **निःशुल्क फलफुल तथा बिरुवा वितरण** गर्ने कार्यलाई यस आर्थिक वर्षमा पनि निरन्तरता दिईनेछ।

११) माटो परीक्षण प्रयोगशालामा सबै किसानको पहुँच कायम गरी परीक्षण नतिजाका आधारमा माटो सुहाउँदो बाली लगाउने कार्य प्रवर्द्धन गरिनेछ।

१२) कृषि उत्पादनलाई व्यवस्थित गर्न निर्मित कृषि उपज संकलन केन्द्र र रष्टिक स्टोरको क्षमता विकास गर्ने कार्यलाई निरन्तरता दिईनेछ। भूमे गाउँपालिका वडा नं. ३ रतुवामारेमा निर्मित चिस्यान केन्द्रलाई सार्वजनिक सहकारी साझेदारी सहकार्य मोडलमा (PCPM) सञ्चालनमा ल्याई कृषि उपजको भण्डारण र बजारीकरणका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१३) जलवायु उत्थानसील क्षमता अभिवृद्धि गर्दै जलवायु परिवर्तनबाट कृषि प्रणालीमा पर्ने क्षति न्यूनिकरण गर्न जलवायु अनुकुलन कृषि कार्यक्रम सञ्चालन गरिनेछ।

१४) कृषि क्षेत्रमा काम गर्ने सहकारीलाई कृषि उत्पादन र विकास सम्बन्धी कार्य गर्न प्रोत्साहन गरिनेछ ।

१५) **"अर्गानिक उत्पादन : भूमेको पहिचान"** अभियानलाई सार्थकता दिन प्रदेश सरकार, भूमे गाउँपालिका र मारिङ अनुसन्धान सहकारी संस्थाबिचको बिचको त्रिपक्षिय साझेदारीमा भूमेमा उत्पादन भएको लसुन र आलु पिजिएस प्रविधिबाट अर्गानिक प्रमाणिकरण गरी बजारीकरण गर्ने कार्य सञ्चालन गरिरहेको सन्दर्भमा आगामी बर्ष अन्य उत्पादनमा समेत प्रमाणिकरण गर्ने कार्य बिस्तार गरिनेछ।

**ख) पशुपालनः**

१) व्यावसायिक पशुपालन प्रवर्द्धनका लागि हरेक वडामा गुणस्तरीय घाँस स्रोत केन्द्र, हिउँदे तथा वर्षे घाँसबाली र डाले घाँस नर्सरी स्थापनाका लागि निःशुल्क घाँसको बीउ तथा बिरुवा वितरण कार्यक्रम निरन्तर गरिनेछ।

२) **आ.व. २०८२।०८३ मा सम्म भूमे गाउँपालिका भित्र रहेका करिब २३ हजार पशु चौपायहरुमा खोरेत खोप लगाईसकेको अवस्था छ ।"स्वस्थ पशु स्वस्थ पशुजन्य उत्पादन"** मूल नाराका साथ पोषणयुक्त पशु आहार निर्माण तालिम, निःशुल्क औषधि वितरण, भ्याक्सिनेशन तथा महामारी रोग नियन्त्रण कार्यक्रमलाई निरन्तरता दिईनेछ।

३) व्यावसायिक पशुपालन प्रवर्द्धनका लागि हरेक वडामा गुणस्तरीय घाँस स्रोत केन्द्र, हिउँदे तथा वर्षे घाँसबाली र डाले घाँस नर्सरी स्थापनाका लागि निःशुल्क घाँसको बीउ तथा बिरुवा वितरण गरिनेछ।

४) साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमलाई निरन्तरता दिई पशु नश्ल सुधार, कृत्रिम प्रजनन केन्द्र र ल्याब सञ्चालन कार्यलाई व्यवस्थित गरिनेछ ।

५) ४. नेपाल सरकार, प्रदेश सरकार तथा अन्य साझेदारको सहकार्यमा पशुजन्य उत्पादन प्रोत्साहन कार्यक्रम तथा लेकमा भेडापालन व्यवसायीहरुलाई वासस्थान निर्माण अनुदान सञ्चालन गरिनेछ।

६) भेटनरी ज्ञान, सीप र क्षमता अभिवृद्धिका लागि तालिम, घुम्ती शिविर तथा सन्देशमूलक सूचना स्थानीय एफ.एम. रेडियोमा प्रसारण गरिनेछ।

**ग) सहकारी तथा वित्तीय संस्थाः**

१) पालिकाभित्रका सबै सहकारी संस्थाहरुलाई उत्पादन, बचत संकलन तथा बजारीकरणमा प्रोत्साहन गरिनेछ।

२) सबै सहकारीहरुलाई अनिवार्य कोपोमिसमा आबद्ध गरी व्यवस्थित सञ्चालन गरिनेछ।

३) सहकारीको नियमन तथा सहजीकरण प्रभावकारी बनाई समान उद्देश्य भएका सहकारीबीच एकीकरण, कमजोर सहकारीको सबलीकरण, निष्क्रिय सहकारी खारेजी र उत्पादनमूलक सहकारीको क्षमता विकास गरिनेछ।

४) बैंक, वित्तीय संस्था, सहकारी तथा साझेदार संस्थासँगको सहकार्यमा डिजिटल वित्तीय साक्षरता कार्यक्रमलाई सुदृढ गरी विस्तार गरिनेछ।

**घ) उद्योग तथा वाणिज्यः**

१) स्थानीय कच्चा पदार्थ र जडीबुटीमा आधारित उद्योग स्थापनामा जोड दिई बाह्य लगानी आकर्षणका लागि नीतिगत, कानूनी, प्रविधिगत र प्रशासनिक प्रबन्ध गरिनेछ।

२) परम्परागत उद्योगहरुलाई सुदृढीकरण गर्दै व्यवसायिक र आधुनिकीकरणतर्फ केन्द्रित गरिनेछ।

३) पहिचान भएका अगुवा उद्यमीहरुलाई प्राविधिक सहयोग, नयाँ लघु उद्यमी सिर्जना तथा स्तरोन्नतिका लागि पुनर्ताजगी र एडभान्स सीप विकास तालिम तथा प्रविधि, अनुदान निकासा हस्तान्तरण गरिनेछ।

४) शहिद धनमाया श्रेष्ठ महिला उद्यमशीलता प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिई लक्षित वर्ग, क्षेत्र, समुदायको सहभागितालाई प्राथमिकता दिई मागमा आधारित अनुदान तथा उद्यम प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

५) बजार अनुगमनलाई प्रभावकारी बनाई उपभोक्ता हित संरक्षणको लागि अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।

६) उधोग बाणिज्यसंगको सहकार्यमा दर्ता/नवीकरण नभएका व्यवसायहरुलाई अनिवार्य दर्ता प्रक्रियामा ल्याउन बिषेश अभियान सञ्चालन गरिनेछ, करको दरमा होईन दायरामा विकल्प खोजिनेछ ।

७) गाउँपालिका भित्रमा ब्यापारिक केन्द्रहरुमा CCTV, फल्स लाईट, WiFI ,शौचालय निर्माण गर्ने कार्यको संचालन गरिनेछ ।
लिडिङ फिगर

**ङ) पर्यटनः**

१) दिगो पर्यटन विकासका लागि पर्यटन गुरुयोजना बमोजिम पूर्वाधार निर्माण तथा अन्तरसम्बन्धित क्षेत्रको पहिचान तथा विकास गर्ने कार्यालाई निरन्तरता दिइनेछ।

२) पर्यटन क्षेत्रमा रोजगारी प्रवर्द्धन, आर्थिक उपार्जन र व्यावसायिक रुपान्तरणका लागि तहगत सरकार तथा निजी क्षेत्रसँग साझेदारी गरिनेछ।

३) वडा नं. ९ चुनबाङ्गस्थित निर्माणाधिन भेरिडाँडा संग्रहालयमा युद्ध र सान्तीको ईतिहास संगै समग्र रुकुमका विभिन्न समुदायको जीवनशैली, मौलिक परम्परा र संस्कृति प्रतिविम्बित गर्ने संग्राहालय निर्माणको कार्य यसै आ.ब.मा सम्पन्न गरिनेछ ।

४) महत युद्ध फिचर, चौरी लेक, मारिङ लेक, गोन्टे झरना, पातिहाल्ने, गुरिल्ला पदमार्गको प्रचारप्रसार, विकास, संरक्षण र प्रवर्द्धन तथा कृषि पर्यटन, पर्यापर्यटन विकासका लागि पहल गरिनेछ।

५) ईतिहास पर्यटन र खेलकुद प्रवर्दनलाई केन्द्रविन्दुमा राखी थवाङ गाउँपालिकासंगको सहाकार्यमा संचालन भैरहेको गुरिल्ला म्याथन दैडलाई निरन्तरता दिईनेछ ।

**च) श्रम र रोजगारीः**

१) रोजगार सेवा केन्द्रलाई सुदृढ गरी बजारको माग अनुसार श्रमिक आपूर्ति गर्ने माध्यमको रुपमा विकास गरी श्रम स्वीकृति र सुरक्षित वैदेशिक रोजगार परामर्श सेवा प्रदान गरिनेछ।

२) युवा जनशक्तिलाई श्रम बजार सहज पँहुच कायम गर्न अबसरहरुको पहिचान, सूचना प्रवाह तथा रोजगार लिंकेज, सिप बिकास तालिम, क्षमता बिकास तालिम, रोजगार मरामर्श तथा रेफरल सेवा प्रदान गरिनेछ ।

३) वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुको ज्ञान, सीप र पुँजी परिचालन गरी उद्यम विकास र रोजगारीमा संलग्न गराइनेछ।

**गाउँसभा सदस्यहरु**

**२.सामाजिक विकास**

**क) शिक्षाः**

१) शिक्षा क्षेत्रको दिर्घकालिन सुधारका लागि भौतिक पूर्वधार विकास, शैक्षिक क्रियाकलापमा सुधार,प्रविधिमैत्री शिक्षा र शिक्षकको निरन्तर क्षमता विकास जस्ता सुधारका कार्यक्रम सञ्चालन गरिनेछ साथै विग स्कुल (BIG SCHOOL) अवधारणा बमोजिम गाउँपालिकाभित्रका माध्यमिक विद्यालयलाई आवासीय रुपमा सञ्चालन गर्न पूर्वाधार निर्माणलाई कार्यलाइ निरन्तरता दिईनेछ।

२) विद्यालय नक्साङ्कन प्रतिवेदन २०८२ लाई आत्मसाथ गर्दै सामुदायिक विद्यालयको वर्गीकरण गरी शिक्षक र विद्यार्थीको अनुपात मिलानका लागि विद्यालय एकीकरण, समायोजन, दरबन्दी मिलान, कक्षा थप वा घटुवा गर्ने कार्यलाई  क्रमश कार्यन्वयन गर्दै लगिनेछ ।

३) शैक्षिक रुपान्तरणका लागि शिक्षक, अभिभावक र जनप्रतिनिधि र सरोकारवालाहरुबीच नियमित अन्तरक्रिया, कक्षा ४ देखि११ सम्मको परीक्षा तथा मूल्याङ्कन प्रणालीमा एकरुपता तथा दण्ड र पुरस्कारको नीतिलाई निरन्तरता दिईनेछ।

४) प्रधानाध्यापकसँग कार्यसम्पादन करार सम्झौता गरी सूचकका आधारमा नियमित अनुगमन तथा मूल्याङ्कन पद्धति विकास गरी विद्यालय शिक्षा सुधार परियोजना कडाइका साथ कार्यान्वयन गरिनेछ। साथै प्रअको लागि संघीय सरकारले व्यवस्था गरेको प्रअ भत्तामा शत प्रतिशत थप गरिनेछ।

५) विद्यालयको खुद भर्नादरमा सुधार गर्न, विद्यालय छोड्ने दर न्यूनीकरण गर्ने र विद्यालय बाहिरका सबै बालबालिकाहरुको आधारभूत शिक्षामा पहुँच स्थापित गर्न लक्षित वर्ग छात्रवृति र विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय उत्पादनमा आधारित समुदायको समेत सहकार्यमा पोषणयुक्त, गुणस्तरीय र प्रभावकारी बनाईनेछ। शैक्षिक पहुँच सुनिश्चताका लागि अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन कार्यलाई निरन्तरता दिईनेनेछ।

६) विद्यार्थीहरुलाई बाल्यकालदेखिनै व्यवसायिक सीप विकासका लागि नवप्रवर्धन र अनुसुन्धानमा आधारित शिक्षा, Digital शिक्षा , स्थानीय कला संस्कृति तथा व्यवहारिक शिक्षा जस्ता विषयलाई पाठ्यक्रम तथा अतिरिक्त क्रियाकलापमा समेटिनेछ । सीपयुक्त व्यवसायिक र नैतिक शिक्षाका लागि आवश्यक प्रबन्ध गरिनेछ।

७) विद्यालयहरुमा शिक्षक अभाव हुन नदिन बालबालिकाको पठनपाठनमा नियमितता लागि आवश्यकता अनुसार स्थानीय शिक्षण सिकाई अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८) सामुदायिक विद्यालयको गुणस्तर सुधार गर्न शिक्षक र विद्यार्थीहरुलाई प्रतिस्पर्धात्मक विधि मार्फत प्रविधिमा आधारित शिक्षण सामाग्री उत्पादन, अडियो भिडियो, सूचना तथा सञ्चार प्रविधिमा आधारित पुस्तकालय तथा कक्षा निर्माणका साथै दिवशीय कार्यक्रम सञ्चालनमा जोड दिइनेछ । शिक्षकको पेसागत विकासमा सहायता पुऱ्याउनको लागि शिक्षक मेन्टरिङ कार्यक्रम लागु गरिनेछ। साथै, विषयगत शिक्षकको सञ्जाल निर्माण गरी विषयगत शिक्षण सिकाई संग सम्बन्धित समस्या समाधनमा जोड दिइनेछ।

९) सामुदायिक विद्यालयमा सरोकारवालको उपनत्व बढाउन **मेरो विद्यालय मेरो दायित्व सफा र हरियाली सहितको हरित विद्यालय, प्रविधिमैत्री कक्षा, सफा शैचालय अभियान, कक्षा कोठामा सिसिटिभि जडान** जस्ता कार्यक्रम सञ्चालन गरी विद्यालयको शैक्षिक वातावरण सुदृढ गर्न सरोकारवालसंग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ।शिक्षासंगै व्यवहारिक तथा जीवनउपयोगी ज्ञान प्रदान गर्न विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न प्रोतसाहन गरिनेछ।

१०)विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षक र कर्मचारीलाई कार्यसम्पादन र कार्यप्रगतिका आधारमा प्रोत्साहन दिने व्यवस्था गरिनेछ ।साथै बालविकास सहजकर्ता, विद्यालय सहायक, विद्यालय सहयोगी र सामुदायिक सिकाई केन्द्रका परिचालिकाहरुको कार्यसम्पादनमा मनोवल उच्च पार्न थप पारिश्रमिकको व्यवस्था गरिनेछ।

११) शैक्षिक कर्जा कार्यक्रमलाई निरन्तरता दिई आधारभूतदेखि माध्यमिकसम्म सामुदायिक विद्यालयमा अध्ययन गरेका मेधावी विद्यार्थीहरुलाई छात्रवृत्ति व्यवस्था गरिनेछ।

**ख) स्वास्थ्यः**

१) गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउँदै दिगो विकास लक्ष्य हासिल गर्न जोड दिइनेछ। ।

२) सबै नागरिकको आधारभूत स्वास्थ्य सेवामा सहज पहुँच सुनिश्चित गर्न उपचारात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक कार्यक्रम कार्यान्वयनमा समन्वय, सहकार्य र साझेदारी गरिनेछ।

३) परिवार कल्याण, क्षयरोग नियन्त्रण, महामारी रोग नियन्त्रण, एकीकृत बाल स्वास्थ्य तथा पोषण, राष्ट्रिय स्वास्थ्य शिक्षा तथा सूचना, उपचारात्मक सेवा, नर्सिङ तथा सामाजिक सुरक्षा कार्यक्रम प्रभावकारी कार्यान्वयन गरिनेछ।

४) मोबाइल स्वास्थ्य कार्यक्रम, टेलिमेडिसिन, आँखा चेकजाँच अभियान, विशेषज्ञसहितको एकीकृत घुम्ती शिविर कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५) स्वास्थ्य संस्थाहरुलाई न्यूनतम सेवा मापदण्डको आधारमा मूल्याङ्कन गरी सुदृढीकरण र सुत्केरी भान्छा घर व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

६) गर्भवती तथा सुत्केरी आमाको मृत्युदर शून्य बनाउन निःशुल्क एम्बुलेन्स सेवा, पोषण झोला, आइरन चक्की, फोलिक एसिड र क्याल्सियम चक्की वितरण कार्यक्रम निरन्तरता दिइनेछ।

७) काँक्री स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाई कुचिबाङको निर्माण कार्य यसै आ.ब. सम्पन्न गरिनेछ,

८) पूर्ण खोप सुनिश्चितता तथा दिगोपना कार्यक्रमलाई निरन्तरता दिइनेछ।

९) द्वन्द्व पीडित, अति विपन्न, घाइते, अपाङ्गता भएका, दीर्घरोगी, अशक्त, असहाय र ७० वर्ष माथिका ज्येष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य बीमा तथा घरघरमै स्वास्थ्य सेवा र निःशुल्क औषधि उपलब्ध गराइनेछ।

१०) महिला स्वास्थ्य स्वयंसेविका र आमा समूहमार्फत गाउँटोलसम्म स्वास्थ्य सेवा र परामर्श कार्यक्रम सञ्चालन गरिनेछ।

११) अति विपन्न व्यक्तिको उपचार सहायताका लागि मापदण्ड बमोजिम व्यवस्था गरिनेछ।

१२) बहुक्षेत्रीय पोषण कार्यक्रमअन्तर्गत पोषण संवेदनशील, पोषण विशेष र पोषण सुधारका लागि विपन्न समुदायका महिला समूह तथा सहकारीलाई अनुदान कार्यक्रम सञ्चालन गरिनेछ।

१३) पोषणमैत्री स्थानीय शासन कार्यक्रम निरन्तरता दिई मापदण्ड पुगेका वडा तथा स्वास्थ्य संस्थालाई पोषणमैत्री वडा तथा स्वास्थ्य संस्था घोषणा गरी पोषणमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणाको कार्य अगाडी बढाइनेछ ।

१४) शीघ्र कुपोषणबाट ग्रसित बालबालिकाको उपचारका लागि महत, मोराबाङ, काँडा र चुनबाङ स्वास्थ्य चौकीबाट प्रबाह भैरहेको ओ.टी.सी. सेवालाई सुदृढीकरण गरिनेछ । साथै भूमे गाउँपालिकाको ५ बटै स्वास्थ्य चौकीबाट ल्याव सेवा सुरु गरिनेछ

१५) किशोरकिशोरीमैत्री स्वास्थ्य सेवा तथा विद्यालयमा सूचना केन्द्र स्थापना तथा निःशुल्क स्यानिटरी प्याडको उपलब्धता र फोहोर व्यवस्थापन सुनिश्चित गरिनेछ।

१६) प्रकोपजन्य महामारी रोकथाम तथा नियन्त्रणका लागि स्वास्थ्य संस्थाको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।

१७) काँक्री स्वास्थ्य चौकीमा स्थापना भएको आरोग्य केन्द्रलाई व्यवस्थित रुपमा संचालन गरिने छ । साथै, नसर्ने रोग रोकथाम तथा नियन्त्रणका लागि योग ध्यान शिविर, श्वर्ण विन्दु प्रासन कार्यक्रम, रसायन औषधी वितरण, मनोसामाजिक परामर्श, दुग्धवर्धक औषधी वितरण कार्यक्रम, गृहिणी भान्सा सुधार कार्यक्रम, विद्यालयमा आयुर्वेद तथा योग शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

१८) तिलगंगा आँखा प्रतिष्ठानसँगको सहकार्यमा स्थापना भई सेवा प्रदान गरिरहेको भूमे ग्रामीण आँखा उपचार केन्द्रलाई थप सुदृढीकरण गरिनेछ ।

**ग) यूवा तथा खेलकूदः**

१) राष्ट्रपति रनिङ शिल्ड खेलकूद प्रतियोगितालाई भूमे रनिङ शिल्ड खेलकूद प्रतियोगितामा नामाकरण गरी बालबालिकाको शारीरिक तथा संवेगात्मक विकासमा जोड दिने कार्यलाई निरन्तरता दिईनेछ।

२) भूमे कप, गुरिल्ला म्याराथन, वडास्तरीय खेलकुद प्रतियोगिताहरुलाई व्यवस्थित गरी प्रतिभावान खेलाडी पहिचान, अभिलेखीकरण, क्षमता विकास तथा प्रोत्साहन गरिनेछ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीहरुलाई सम्मान तथा विपन्न खेलाडीहरुलाई प्रोत्साहन सहायता दिइनेछ।

३) विद्यालय तहदेखि नै खेलमैत्री वातावरण निर्माण गर्न विद्यालयहरुलाई प्रोत्साहन गरिनेछ।

४) युवा विकास केन्द्रको पुनर्गठन गरी नीति तथा योजना तर्जुमा, विकास गतिविधि, ज्ञानसीप आदानप्रदानमा युवाको सहभागिता सुनिश्चित गरिनेछ।

५) युवा बेरोजगारी न्यूनीकरणका लागि सीप तथा उद्यमशीलता विकास तालिम सञ्चालन गरी युवा सञ्जाल गठन गरी सक्रिय बनाइनेछ।

६) मातृभूमीमै अबसर खोजी गर्दै भूमे गाउँपालिका भित्र कृषी, ब्यापार, ब्यबसाय, कृषी तथा पशुपालन ब्यबसाय तथा निर्माण कम्पनी/फर्म आबद्ध अगुवा युवाहरुलाई समेट्न गाउँपालिकाले **भूमे अगुवा उद्यमीको सुची तयार गरिनेछ। उनीहरुमा रहेको व्यवसायिक तत्परता कायम राख्न विषेश कार्यक्रम संचालन गरिनेछ ।**

**घ) सुरक्षित खानेपानी र सरसफाईः**

१) खानेपानी, सरसफाई तथा स्वच्छता योजना (वास योजना) बमोजिम खानेपानी आयोजनाको डिजिटाइजेशन गरी प्राथमिकताका आधारमा खानेपानी आयोजना तथा सार्वजनिक शौचालय निर्माण गरिनेछ।

२) सुरक्षित खानेपानीको पहुँच नभएका टोल तथा बस्तीमा कार्यक्रम निरन्तरता दिइनेछ। भूमे गाउँपालिकाको आफ्नै स्रोतमा नाम्फु टोलमा संचालन गरेको नमुना खानेपानी आयोजना यसै आ.व. मा सम्पन्न गरिनेछ। त्यस्तै १, ३ र ९ का वडाहरुमा गोर्खा वेलफेयर ट्रस्ट संगको सहकार्यमा "एक घर एक धारा" खानेपानी आयोजना संचालन गरिनेछ ।

३) खानेपानी शुद्धता परीक्षण इकाईमार्फत हरेक ४/४ महिनामा मुहान, ट्याङ्की तथा धाराको पानी शुद्धता जाँच गरिनेछ।

४) टोल विकास संस्थामार्फत कुहिने/नकुहिने फोहोर वर्गीकरण, पुनर्प्रयोग तथा "पोलुटर पे" प्रिन्सिपलमा आधारित फोहोर व्यवस्थापन गरिनेछ।

**५)** घना बस्तीमा ढल व्यवस्थापन आयोजना सञ्चालन गरी सबै वडामा फोहोरमैला व्यवस्थापनसम्बन्धी नागरिक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

**ङ) भाषा तथा संस्कृति प्रवर्द्धनः**

१) मौलिक तथा लोपोन्मुख कला संस्कृतिको संरक्षण, प्रवर्द्धन र पुस्तान्तरणका लागि भूमे सांस्कृतिक महोत्सव प्रतियोगितात्मक कार्यक्रम, अध्ययन अनुसन्धान, डकुमेन्ट्रि तथा अभिलेखिकरण कार्यलाई निरन्तरता दिइनेछ।

२) भाषा, कला संस्कृतिको जगेर्ना तथा संरक्षण सम्बन्धी तालिम, लोक बाजा तथा सामग्री खरिद, सांस्कृतिक पूर्वाधार निर्माणमा साझेदारीमार्फत विकास गर्ने नीति अवलम्बन गरिनेछ।

३) लोपोन्मुख भाषा संस्कृतिको संरक्षण र विकासमा योगदान पुर्याउने गाउँ टोललाई प्रोत्साहन गरिनेछ।साथै, पैसरु, ढोँगे नचारू, सिँगारू जस्ता कला संस्कृतीलाई संरक्षण गर्न प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।

**च) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणः**

१) लैङ्गिक समानता, सशक्तिकरण, मूलप्रवाहीकरण र अर्थपूर्ण सहभागिता वृद्धि गर्ने नीति प्रोत्साहन गरिनेछ।

२) बजेट तथा योजना तर्जुमामा लक्षित वर्गका लागि प्रतिशत निर्धारण गरी अनिवार्य योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गरिनेछ।

३) सामाजिक समावेशीकरण तथा लैङ्गिक हिंसा न्यूनीकरण नीति तर्जुमा गरी लैङ्गिक हिंसा तथा भेदभाव शून्यमा झार्ने नीति अङ्गीकार गर्दै लक्षित वर्गको खण्डिकृत तथ्याङ्क व्यवस्थापन गरी आवश्यकतामा आधारित कार्यक्रम सञ्चालन गरिनेछ।

४) लैङ्गिक हिंसा निवारण कोषलाई सबलीकरण गरी उद्धार, राहत तथा पुनर्स्थापनाका लागि सञ्चालनमा ल्याई सामाजिक समावेशीकरण डेस्क प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

५) बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणाका लागि बालश्रम उन्मूलन, बाल विकास र बाल संरक्षणमा सघाउ पुर्याउने कार्यक्रम सञ्चालन गरिनेछ।

६) बालविवाह, लैङ्गिक हिंसा, मानव बेचबिखन तथा लागुऔषध दुर्व्यसनीविरुद्ध सचेतनामूलक कार्यक्रम तथा अभियान सञ्चालनलाई निरन्तरता दिईनेछ ।

७) महिला, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बालबालिका र पिछडिएका वर्गको सशक्तिकरणका लागि **"लक्षित वर्गसँग उपाध्यक्ष कार्यक्रम"** सञ्चालन गरी वडास्तरसम्म सञ्जाल गठन गरिनेछ।

८) अतिविपन्न, अशक्त, ज्येष्ठ नागरिकलाई सेवा शुल्क नलिने तथा एकल महिला र अपाङ्गता भएका व्यक्तिलाई फर्म तथा व्यवसाय दर्ता शुल्क पूर्ण छूट दिने नीति निरन्तरता दिइनेछ।

९) द्वन्द्व पीडित, सामाजिक रुपमा बहिष्करणमा परेका व्यक्तिको जीविकोपार्जन सुधारका लागि कोष स्थापना गरी सहायता प्रदान गरिनेछ।

**१०) अन्तरपालिकासंगको सहकार्य तथा समन्वयमा उत्पीडित, उपेक्षित दलित तथा विपन्न समुदायको सशक्तिकरणका लागि साझेदारीमा प्रवर्द्धनात्मक कार्यक्रम तथा सार्वजनिक निकायमा पहुँच अभिवृद्धिका लागि निःशुल्क लोक सेवा, शिक्षक सेवा, कम्प्यूटर तयारी कक्षा जस्ता कार्यक्रम संचालन गरिनेछ ।**

**गाउँसभा सदस्यहरु,**

**३. पूर्वाधार विकासः**

१) गुरुयोजना र आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य हासिल गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रको साझेदारी सम्बन्धी नीति ल्याइनेछ।

२) आर्थिक सर्वेक्षण गरी जीवनस्तर उकास्ने र आन्तरिक आय वृद्धि गर्ने आयोजना पहिचान गरी कार्यान्वयनमा प्राथमिकता दिइनेछ।

३) क्रमागत बहुवर्षीय आयोजना तथा कार्यक्रमलाई निरन्तरता दिई समयमै सम्पन्न गरिनेछ।

१) गाउँपालिकाको स्थानीय परिवेशमा आधारित भवन निर्माण मापदण्ड तर्जुमा गरी नक्सा पूर्वस्वीकृति तथा अभिलेख राख्ने कार्य कडाइका साथ कार्यान्वयन गरिनेछ।

**क) यातायात पूर्वाधारः**

१) सडक गुरुयोजना बमोजिम सबै बस्ती सडक सञ्जालमा जोड्ने कार्य आगामी आ.ब. २०८३।२०८४ मा सम्पन्न गरिनेछ र निर्मित सडकको मर्मत, स्तरोन्नति तथा सुरक्षित सडक यातायातको अवधारणा कार्यान्वयन गरिनेछ।खाबाङबगर र महत जोड्ने सडकलाई पक्की सडकमा स्तरउन्नती गर्ने कार्यक्रम गाउँपालिकाले आफ्नै स्रोतमा यसै बर्षबाट प्रारम्भ गर्नेछ ।

२) रिङ रोड, लिङ्क रोड र सहायक सडकमा बायोइन्जिनियरिङ अवधारणा बमोजिम वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ।

३) गाउँपालिका भित्र प्राथमिकतामा रहेका झोलुङ्गे तथा ट्रस पुल निर्माणका लागि स्थानीय साझेदारीमा नयाँ झोलुङ्गे/ट्रश पुल निर्माण गरिनेछ।

४) सडक पुल तथा कल्भर्ट निर्माणलाई प्राथमिकता दिई वर्षाको समयमा सडक अवरुद्ध हुने समस्या निराकरणका लागि गाउँपालिकाको ब्याक्होलोडरलाई "सडक पूर्वाधार एम्बुलेन्स"को रुपमा सञ्चालन गरिनेछ।

५) सुरक्षित सडक अवधारणामा सडक स्तरोन्नति, सडक सुरक्षा पूर्वाधार निर्माण, मर्मतसम्भारकर्ता परिचालन, सवारी सचेतना, तीनपाङ्ग्रे सवारी मापदण्ड लागू गरिनेछ। सार्वजनिकस्थल र मुख्य व्यापारिक केन्द्रहरुमा सिसिटिभि जडान, सोलार लाईट जडान जस्ता कार्यलाई निरन्तरता गरिनेछ ।

**ख) भवन आवास तथा सहरी विकासः**

२) गाउँपालिकाको प्रशासकीय भवन तथा वडा नं. ५ को कार्यालय भवनको निर्माण कार्यलाई आगामी आ.व. २०८३।०८४ सम्पन्न गरिनेछ साथै वडा नं. ३ कार्यालय भवन निर्माण कार्यसमेत सुरु गरिनेछ ।

३) सामाजिक, सांस्कृतिक तथा ऐतिहासिक पहिचान नमेटिने गरी ग्रामीण बस्तीलाई मौलिक नमूना बस्तीको रुपमा विकास गरिनेछ।

४) घरबारविहीन, अतिविपन्न तथा फुसको छाना भएका परिवारको तथ्याङ्क संकलन गरी सुरक्षित नागरिक आवास, विपद् जोखिमयुक्त छाना विस्थापन र जनता आवास कार्यक्रम सञ्चालन लाई गाउँपालिकाको आफ्नै स्रोतमा संचालन गरिनेछ।

**ग) ऊर्जा, जलस्रोत तथा सिंचाईः**

१) केन्द्रीय प्रसारण लाइनको पहुँच नपुगेका वडा नं. ७ र ९ मा नेपाल विद्युत प्राधिकरणसँगको समन्वयमा विद्युत् पहुँच विस्तार गर्ने कार्यलाई तीब्रता दिईनेछ ।

२) लघु तथा साना जलविद्युत आयोजनाको मर्मतसम्भार र व्यवस्थित सञ्चालन गरी केन्द्रीय प्रसारण लाइनमा जोड्न पहल गरिनेछ।

घ) **सूचना तथा संचारः**

१) सूचना तथा सञ्चारको सहज पहुँच स्थापनाका लागि तहगत समन्वय, सहकार्य र साझेदारी गरिनेछ । भरपर्दो सञ्चार सुविधा सुनिश्चताका लागि आवश्यक पहल गरिनेछ।

२) गाउँपालिकाको डिजिटल रणनीति अनुसार साझेदार निकायहरुसँगको सहकार्यमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी पूर्वाधार निर्माण तथा पहुँच विस्तार गरी डिजिटल गाउँपालिका निर्माणको कार्यलाई निरन्तरता दिईनेछ ।

३) डिजिटल साक्षरतासम्बन्धी कार्यक्रम सञ्चालन गरी महिला, दलित, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग लगायत लक्षित वर्गहरुको सूचना प्रविधिमा पहुँच सुनिश्चित गरिनेछ ।

४) गाउँपालिका सञ्चालनमा रहेका डिजिटल नागरिक वडापत्रको अध्याविधक गरी वडा कार्यालयसम्म विस्तार गरिनेछ

५) गाउँपालिका भित्रका सबै सामुदायिक विध्यालयलमा प्रविधिमैत्री पूर्वाधार तयार गरिनेछ ।

**ङ) सम्पदा पूर्वाधारः**

१) सम्पदा पूर्वाधारको संरक्षण तथा निर्माणमा अन्तरआबद्धता हुने गरी मापदण्ड तथा प्रारुप तयार गरी क्रमशः कार्यान्वयन गरिनेछ।

**गाउँसभा सदस्यहरु,**

**४. वन वातावरण तथा विपद व्यवस्थापन**

**क) वन तथा वातावरण संरक्षणः**

१) संघीय र प्रदेश सरकारसंगको साझेदारीमा वन संरक्षण, व्यवस्थापन, दिगो उपभोग र स्वच्छ वातावरणका लागि समुदायमा आधारित वन व्यवस्थापन प्रणाली सुदृढीकरण गरिनेछ।

२) सामुदायिक वन उपभोक्ता समितिमार्फत क्षमता विकास कार्यक्रम सञ्चालन गरी स्थानीयबासीको परिचालन र अपनत्व सिर्जना गरिनेछ।

३) वनको वैज्ञानिक एवं दिगो व्यवस्थापन गरी वनजन्य उत्पादन अभिवृद्धि गरी सामुदायिक तथा निजी वन विकास कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

**ख) जलवायु परिवर्तन र विपद् व्यवस्थापनः**

१) जलवायुमैत्री तथा वातावरणमैत्री पूर्वाधारमा जोड दिएर जैविक विविधता संरक्षण तथा जलवायु अनुकूलनमार्फत पर्यापर्यटन प्रवर्द्धन गरिनेछ।

२) स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना र जलवायु परिवर्तन स्थानीय अनुकूलन योजना जसलाई क्रमश कार्यान्वयन गर्दै लगिनेछ।

३) विपद् पश्चातको खोज, उद्धार, राहत, पुनः स्थापना कार्य व्यवस्थित गर्न पालिका तथा समुदायस्तरमा द्रुत प्रतिकार्य टोली तयारी अवस्थामा राखी स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र सुदृढ गरिनेछ।

४) प्राकृतिक तथा मानवीय जोखिम न्यूनीकरणका लागि विपद् व्यवस्थापन क्षमता अभिवृद्धि गर्न IPAS नेपाल तथा MIC नेपालले गाउँपालिकामा स्थापना गरेको पूर्वसूचना प्रणालीलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

५) हरेक निर्माण तथा पूर्वाधार विकासमा विपद् जोखिम आँकलन गरी प्रकोप न्यूनीकरणका माध्यमबाट कार्यान्वयन गरिनेछ।

६) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा निजी क्षेत्रको संलग्नता तथा संघ, प्रदेश र गैरसरकारी संघसंस्थासँग सहकार्य गरिनेछ।

७) विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अनुसार विपद् व्यवस्थापन कोषलाई सबल बनाई स्थानीय तथा वडास्तरीय विपद् व्यवस्थापन समितिलाई सक्रिय रुपमा संचालन गरिनेछ।

**५. सुशासन तथा संस्थागत विकासः**

१) डिजिटल नेपाल फ्रेमवर्क २०७६, भूमे गाउँपालिकाको डिजिटल रणनीति २०८१, नेपाल सरकारको १०० बुँदे शासकीय सुधार कार्यसूची बमोजिम सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, पारदर्शी, प्रविधिमैत्री र फेसलेस बनाउन विधुतीय हाजिरी सिफारिस प्रणाली, आयोजना व्यवस्थापन प्रणाली, सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीको बायोमेट्रिक भेरिफिकेसन, PAMS, SuTRA, IEMIS, EHMIS, e-GP जस्ता प्रणालिहरुको पूर्ण रुपमा प्रयोग गरिनेछ

२) सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेसागत अनुशासनप्रति प्रतिवद्ध, पारदर्शी, भ्रष्टाचारमुक्त, प्रविधियुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै लगिनेछ।

३) मासिक, चौमासिक तथा वार्षिक खर्च तथा प्रगतिको सार्वजनिकीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, व्यवस्थापन परीक्षण, गुनासो व्यवस्थापनमा उपयुक्त विधि र पद्धति बमोजिम कार्यान्वयनमा ल्याईनेछ।

४) अन्य स्थानीय तह तथा संघसंस्थाहरुले गरेका राम्रा अभ्यासबाट ज्ञान आर्जन हुने खालका अध्ययन, अवलोकन भ्रमण कार्यक्रमहरु ल्याइनेछ। विनियोजनमा कुशलता र खर्च गर्ने क्षमता अभिवृद्धिमा जोड दिइनेछ। सार्वजनिक खरिद प्रणालीलाई प्रतिस्पर्धी, पारदर्शी र गुणस्तरीय रुपमा कार्यान्वयन गरिनेछ ।

५) स्थानीय पञ्जिकाधिकारीको कार्यालयलाई साधन स्रोत सम्पन्न बनाई वडास्तरबाट घटना दर्ता अभियानमार्फत व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापनलाई सहज र प्रभावकारी बनाइनेछ ।

६) सूचनाको हकलाई प्रवर्द्धन गर्न सूचना अधिकारीको क्षमता विकास, वडा तहसम्म गुनासो सुनुवाई संयन्त्र, नियमित स्वतः प्रकाशन जस्ता कार्यक्रमहरुलाई प्रभावकारी बनाइनेछ ।

७) नागरिकसंग भूमे सरकार, भूमे एप, भूमे साप्ताहिक, स्वतः प्रकाशन मार्फत सार्वजनिक सेवा प्रवाह र गाउँपालिकाको गतिविधि बारे आम नागरिकलाई सुसूचित गरिनेछ ।

८) गाउँपालिकाका सबै प्रकारका आधारभूत सूचनाहरु सूचना तथा अभिलेख केन्द्रमा उपलब्ध हुने र सामग्रीहरु सूचना केन्द्रमा अध्ययन गर्न सकिने व्यवस्था मिलाइनेछ।

९) अभिलेख व्यवस्थापनलाई प्रभावकारी बनाउन महत्वपूर्ण तथ्याङ्कको भण्डारणका लागि स्थापित सर्भरलाई सुदृढिकरण गरिनेछ ।

## ६. राजस्व तथा आन्तरिक श्रोत परिचालनः

१) आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ क्षेत्र पहिचान गरिनेछ।

२) सबै व्यापार व्यवसायलाई करको दायरामा ल्याउन कर संकलन विशेष अभियान सञ्चालन गरिनेछ।

३) स्लेट ढुङ्गा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थको उत्खननका लागि सम्भाव्यता अध्ययन गरी आवश्यक कानून निर्माण गरी राजस्व संकलन गरिनेछ।

४) कर प्रणालीलाई सरल, सेवाग्राहीमैत्री र प्रविधिमैत्री बनाई करको दायरा विस्तारमा जोड दिइनेछ।

५) करदाताहरुलाई कर शिक्षा सम्बन्धी जानकारी गराई राजस्व चुहावट नियन्त्रण गरिनेछ। करदाता सेवा सम्बन्धी कार्य गाउँपालिकाबाटै आरम्भ गरिनेछ ।

६) घरबहाल कर संकलनका लागि विशेष अभियान तथा करदाता सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।

**७. कानून न्याय तथा असल समाजः**

१) न्यायिक समितिका पदाधिकारीको क्षमता विकास तालिम, मेलमिलापकर्ता उत्पादन, पुनर्ताजगी तथा संस्थागत सक्षमता वृद्धि गरी सामाजिक मेलमिलाप कायम गर्न न्यायिक समिति तथा मेलमिलाप केन्द्रको सुदृढीकरण गरिनेछ।

२) न्यायिक इजलास निर्माण तथा सबै वडामा मेलमिलाप केन्द्रलाई थप व्यवस्थित र प्रभावकारी बनाई सद्भावयुक्त समाज निर्माणमा जोड दिइनेछ।

३) न्यायिक समितिको अधिकार क्षेत्रभित्रका विवादको शीघ्र र प्रभावकारी निरूपण गरी न्याय सम्पादन प्रक्रियालाई सुदृढ र पारदर्शी बनाइनेछ।

**८. भूमी व्यवस्थापनः**

१) जग्गा वर्गीकरण बमोजिम भूउपयोग योजना कार्यान्वयनमा ल्याईनेछ। सरकारी जमिनको नापजाँच, पहिचान र अभिलेखीकरण गरी निजी, संस्थागत र सरकारी बाँझो जग्गाको सदुपयोग गरिनेछ। गाउँपालिका भित्रका मापडण्ड विपरितका सम्पुर्ण अतिक्रमित जग्गाहरु खाली गरिने छ ।

२) भूमिहीन दलित, अव्यवस्थित बसोवासीको समस्या समाधानका लागि तथ्याङ्क संकलन, प्रमाणीकरण र अभिलेखीकरण गरी **भूमि समस्या समाधान समिति**सँगको सहकार्य गरी जग्गाधनी प्रमाणपुर्जा वितरण गरिनेछ।

३) सार्वजनिक संस्था निर्माण भएको जग्गा सम्बन्धित संस्थाको नाममा जग्गाधनी प्रमाणपुर्जा कायम गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

**९. वित्तीय सुशासनः**

१) वित्तीय सुशासन जोखिम न्यूनीकरण योजना बनाई वित्तीय व्यवस्थापनमा प्रक्रियागत, नतिजा र वित्तीय अनुशासन जोखिम न्यूनीकरण गरिनेछ।

२) आन्तरिक नियन्त्रण र आन्तरिक लेखापरीक्षण प्रणालीलाई प्रभावकारी बनाइनेछ।

३) अद्यावधिक बेरुजु फछ्यौटका लागि आवश्यक कानून निर्माण गरीएको छ आगामी आर्थिक वर्षमा "**बेरुजु फछ्यौट**" गर्ने कार्यलाइ निरन्तरता दिईनेछ ।

**९. योजना तर्जुमा तथा कार्यान्वयनः**

१) अनुमानयोग्य र प्रभावकारी योजनाका लागि पूर्वाधार विकास गुरुयोजना, वस्ती विकास योजना, विस्तृत अध्ययन प्रतिवेदन, वातावरणीय अध्ययन प्रतिवेदनलाई अनिवार्य गरी परियोजना बैंक मार्फत क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।

२) वार्षिक विकास कार्यक्रम तर्जुमा गर्दा समावेशी तथा सहभागितामूलक योजना तर्जुमा प्रक्रियालाई अनिवार्य गरी मध्यमकालीन खर्च संरचनामा आधारित बनाइनेछ । साथै, गाउँपालिकाको योजना तर्जुमा गर्दा पर्याप्त अध्ययन, जोखिम विश्लेषण, लागत अनुमानमा आधारित दिर्घकालिन उपलब्धी दिन सक्ने ठुला आयोजनाहरुको तर्जूमा गर्ने कार्यको थालनी गरिनेछ ।

**१०. अनुगमन तथा मूल्याङ्कनः**

१) गाउँपालिकाभित्र भएका विकास निर्माण तथा अन्य कार्यक्रमको गुणस्तरीयता र नियमितता कायम गर्न अनुमगन तथा मूल्याङ्कन प्रणालिलाई नियमित र सूचकमा आधारित बनाइनेछ ।

२) गाउँपालिकास्तरीय अनुगमन समित, वडास्तरीय अनुगमन समिति र आयोजनागत अनुगमन समितिलाई सक्रिय बनाइ विकास निर्माण तथा अन्य कार्यक्रमको गुणस्तरीयता सुनिश्चित गर्ने कार्यमा सक्रिय बनाइनेछ ।

**११. मानव संशाधन तथा क्षमता विकासः**

१) सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउन जनप्रतिनिधि र कर्मचारीमा व्यावसायिकता प्रवर्द्धन गरी कर्मचारीलाई प्रोत्साहन, पुरस्कार तथा क्षमता विकास तालिमको व्यवस्था गरिनेछ।

२) उपलब्ध जनशक्तिको उच्च मनोबलसाथ क्षमताको सदुपयोग गर्ने वातावरण मिलाई रिक्त दरबन्दी पदपूर्तिका लागि शीघ्र पहल गरिनेछ।

३) भूमे गाउँपालिका अन्तर्गतका सम्पुर्ण करार, ज्यालादारीमा कार्यरत कर्मचारी तथा शिक्षकहरुको न्युनतम पारिश्रमिक १९५५० कायम गरि सामाजिक सुरक्षाकोषमा आबद्ध गर्न आवश्यक व्यवस्था गरिनेछ ।

**१२. समन्वय, सहकार्य र साझेदारीः**

१) गाउँपालिका क्षेत्रभित्र विभिन्न आयोजना तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्दा अन्तर तह, अन्तर पालिका, गैरसरकारी संघसंस्था तथा निजी क्षेत्र लगायत अन्य सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय, सहकार्य र साझेदारी गर्ने नीति अबलम्वन गरिनेछ ।

२) भूमे गाउँपालिका भित्र कार्यक्रम संचालन रहेका गैरसरकारी संघसंस्थाहरुसंग रहेको बिपद प्रतिकार्य सामग्रीको एकिकृत विवरण तयार गरि एकद्धार प्रणालीबाट प्रयोग गर्ने व्यवस्था मिलाईने छ ।

**सभाका सदस्यहरु,**

आर्थिक वर्ष २०८३/८४ को यस नीति तथा कार्यक्रमले गाउँपालिकाको समुन्नत नमूना गाउँपालिका निर्माण गर्ने आकांक्षालाई आत्मसात् गरेको छ। यसको प्रभावकारी कार्यान्वयनबाट स्थानीय उत्पादकत्व वृद्धि, जीवनस्तरमा सुधार, सामाजिक संरक्षण तथा सुरक्षा र गुणस्तरीय सेवा सहज प्राप्त गर्न सहयोग पुग्नेछ। तहगत सरकारले अघि सारेका दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य हासिल गर्न यस नीति तथा कार्यक्रमको कार्यान्वयनमा नेपाल सरकार, प्रदेश सरकार, अन्य निकाय, विकास साझेदार तथा आम गाउँपालिकावासी सबैबाट साथ र सहयोग प्राप्त हुने विश्वास लिएको छु।

अन्त्यमा, यो नीति तथा कार्यक्रम प्रस्तुत गर्ने सुअवसर प्रदान गर्नुहुने आम भूमे गाउँपालिकावासी नागरिकहरु, सबै राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, नागरिक समाज, सुरक्षाकर्मी, सञ्चार जगत तथा सम्पूर्ण सरोकारवाला पक्षप्रति हार्दिक आभार एवं धन्यवाद ज्ञापन गर्दछु।

**धन्यबाद ! नमस्कार ।**

**होम प्रकाश श्रेष्ठ**
**अध्यक्ष**

**सम्बत् २०८३ साल असार ७ गते सोमबार ।**